त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

# स्नातकोत्तर (M.Sc.) तह २०७९ को नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्वन्धी सूचना

त्रि.वि., विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका केन्द्रीय विभाग, आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने विज्ञान तर्फ स्नातकोत्तर (M.Sc.) तह **(१) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (२) खाद्य प्रविधि (३) गणित (४) भूगर्भ शास्त्र (५) Engineering Geology (६) माइक्रोवायोलोजी (७) जल तथा मौसम विज्ञान (८) वातावरण विज्ञान (९) वनस्पति शास्त्र (१०) Biodiversity and Environmental Management (११) प्राणी शास्त्र (१२) रसायन शास्त्र (१३) भौतिक शास्त्र (१४) जैविकप्रविधि (१५) तथ्यांक शास्त्र (१६) Environmental Health in Disaster (१७) Master in Data Science** विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७९ को लागि निम्नानुसारको प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्बन्धी कार्यक्रम प्रकाशित गरिएको छ ।

## १. प्रवेश परीक्षाको लागि न्यूनतम योग्यता:

(क) माथी उल्लेखित हरेक विषयहरुको पाठ्यक्रमले तोकेको **आवश्यक न्युनतम योग्यता पुरा गरेका** विद्यार्थीहरुले मात्र आवेदन दिन सक्ने छन् । आ-आफ्नो विषयको केन्द्रीय विभागहरुबाट आवश्यक न्युनतम योग्यता थाहा पाउन सकिने छ । webpage हरु निम्नानुसार रहेका छन्

| SN | Program | Home Page | Contact e-mail (if needed) |
|---|---|---|---|
| 1 | M.Sc. (CSIT) | https://cdcsit.edu.np/ | info@cdcsit.tu.edu.np |
| 2 | M.Sc. (Botany) | https://cdbtu.edu.np/ | info@cdb.tu.edu.np |
| 3 | M.Sc. (BEM) | https://cdbtu.edu.np/ | info@cdb.tu.edu.np |
| 4 | M.Sc. (Environmental Science) | http://www.cdes.edu.np/ | info@cdes.tu.edu.np |
| 5 | M.Sc. (Env. Health in Disaster) | http://www.cdes.edu.np/ | info@cdes.tu.edu.np |
| 6 | M.Sc. (Biotechnology) | https://www.biotechtu.edu.np/ | info@cdbt.tu.edu.np |
| 7 | M.SC. (Chemistry) | https://cdctu.edu.np/ | info@cdc.tu.edu.np |
| 8 | M.Sc. (Geology) | https://cdgltu.edu.np/ | info@cdgl.tu.edu.np |
| 9 | M.Sc. (Engineering Geology) | https://cdgltu.edu.np/ | info@cdgl.tu.edu.np |
| 10 | M.Sc. (Physics) | https://tucdp.edu.np/ | info@cdp.tu.edu.np |
| 11 | M.Sc. (Hydro. & Meteorology) | https://cdhmtu.edu.np/ | info@cdhm.tu.edu.np |
| 12 | M.Sc. (Microbiology) | https://microbiotu.edu.np/ | info@cdmi.tu.edu.np |
| 13 | M.Sc./MA (Mathematics) | https://www.cdmathtu.edu.np/ | info@cdmath.tu.edu.np |
| 14 | M.Sc./MA (Statistics) | https://tucds.edu.np/ | info@cds.tu.edu.np |
| 15 | M.Sc. (Food Technology) | https://cdftdharan.edu.np/ | info@cdft.tu.edu.np |
| 16 | Master in Data Science | https://smstu.edu.np/ | info@sms.tu.edu.np |
| 17 | M.Sc. (Zoology) | https://www.cdztu.edu.np/ | info@cdz.tu.edu.np |

(ख) आवश्यक **न्युनतम योग्यता पुरा नगरेका विद्यार्थीहरुले** अनलाईन फारम भरेको वा प्रवेश परीक्षा दिईएको पाईएमा आवेदन रद्ध गरिनेछ ।

(ग) विदेशी शैक्षिक संस्था वा अन्य विश्वविद्यालयहरुबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा **समानस्तर (Equivalence) प्राप्त गरेको कागजात** पेश गर्नु पर्नेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०६५

## २. आवेदन प्रक्रिया :

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको वेबपेज https://www.tuiost.edu.np मा राखिएको M.Sc. प्रवेश परीक्षाको आवेदन फारमको Link आवेदक स्वयम्ले भरी Online बाटै सोही वेबपेज मार्फत Submit गर्नुपर्ने छ।

(ख) आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका अवधी भित्र कुनै पनि समयमा भर्न सकिने छ। तोकिएको समय पश्चात Online फारम स्वतः बन्द हुनेछ।

(ग) प्रवेश परीक्षा शुल्क वापतको रकम **रु. २०००।- (अक्षेरुपी दुई हजार मात्र)** Online भर्ना पोर्टलमा रहेको app तथा Link प्रयोग गरेर Online माध्यमबाट शुल्क जम्मा गर्न सकिने छ। साथै नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौंचर भरी यस डीनको कार्यालयको ग्लोवल आई.एम. ई.बैंक लि., कीर्तिपुर शाखामा रहेको खातामा पनि जम्मा गर्न सकिनेछ। **प्रवेश परीक्षा शुल्क वापत वुझाएको रकम फिर्ता हुने छैन।** (घ)

(घ) आवेदकले फारम भर्दा Online भर्ना पोर्टलमा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ । आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिटहरु, समानस्तर प्रमाणपत्र, आवेदकको हस्ताक्षर (कालो मसी प्रयोग गरेको) तथा MRP Standard फोटो लगायतका सामाग्रीहरु तयार गरेपछि मात्र Online फारम भर्न सूचित गरिन्छ। **धमिलो पढ्न नसकिने डकुमेन्ट प्राप्त भएमा आवेदन स्वीकृत हुने छैन्।** बैंक शुल्क तिर्दा अनिवार्य रुपले **M.Sc. Entrance Examination** लेखाउनु पर्ने छ। अनलाईन फारम भर्न Payment पश्चात उपलब्ध Bank भौचर कोड आवश्यक हुनेछ। फारम भर्दा आफुले पढ्न खोजेको बिषयको पोर्टलमा यकिन गरी प्रवेश गर्नु पर्छ। एउटा बिषयमा फारम भरे पछी त्यो अर्को बिषयको लागी ग्राह्य हुने छैन। एक भन्दा बढी बिषयमा आवेदन गर्दा थप शुल्क तिर्नु पर्नेछ।

(ङ) स्नातक तहको ट्रान्सक्रिप्ट उपलब्ध नभएको अवस्थामा सबै वर्षको सबै मार्कसिटहरुको **'सिङ्गल PDF फाईल'** बनाई अपलोड गर्नु पर्नेछ।

(च) विद्यार्थीले उपलब्ध परीक्षा केन्द्रहरु मध्ये **आफूले परीक्षा दिन चाहेको केन्द्र तोक्न** सक्नेछन्।

(छ) आवेदन पश्चात Acknowledgement Page डाउनलोड गरी राख्नु पर्नेछ। जसमा भएको जानकारीहरु र बैंकबाट प्राप्त भौंचर कोड प्रयोग गरी आ-आफ्नो आवेदनको अवस्था र तोकिएको समय पश्चात Admit Card प्राप्त गर्न सकिने छ। **Admit Card (प्रवेश पत्र) आवेदकले आफै Color Print गरी आफूले तोकेको परीक्षा केन्द्रमा गई प्रवेश परीक्षा दिनु पर्नेछ।** प्रवेश परीक्षा दिन जादाँ प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र) पनि ल्याउनु पर्नेछ।

## ३. प्रवेश परीक्षाको किसिम :

(क) प्रवेश परीक्षाको अंकभार **१०० पूर्णाङ्कको** र अवधी **२ घन्टाको** हुनेछ । जसमा B.Sc. वा सो सरहको सम्बन्धित विषय समितिले तोकेको पाठ्यक्रम अनुसारको हुनेछ।

(ख) प्रश्नहरु Objective वा Multiple choice Questions अनुसारको हुनेछ। हरेक प्रश्नको भार १ (एक) हुनेछ।

(ग) प्रवेश परीक्षा उत्तीर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ।

(घ) प्रवेश परीक्षाको नमूना प्रश्नपत्र सम्बन्धित केन्द्रीय विभागको webpage बाट हेर्न सकिने छ।

## ४. प्रवेश परीक्षा कार्यक्रम (completely online) :

आवेदन मिति : **२०७९।०९।१७ गते विहान १०:०० बजे देखि मिति २०७९।१०।०९ गते ५:०० बजेसम्म ।**

दोब्बर दस्तुर : **२०७९।१०।१० गते विहान १०:०० बजे देखि मिति २०७९।१०।१३ गते ५:०० बजेसम्म ।**

प्रवेश परीक्षा मिति : **२०७९ माघ १८ गते बुधबार**

प्रवेश परीक्षाको समय र केन्द्र : **पछि प्रकाशित गरिने छ ।**

## ५. अन्य

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयद्वारा संचालित स्नातकोत्तर तह अध्यापन हुने केन्द्रिय विभागहरु (boldface), आङिक क्याम्पसहरु (boldface) तथा समबन्धन प्राप्त कलेजहरु (normal) निम्नानुशारले रहेका छन ।

| सि.नं. | केन्द्रीय विभाग । क्याम्पस । कलेजको नाम | स्नातकोत्तर तह |
|---|---|---|
| १ | **भौतिक शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर** | **भौतिक शास्त्र** |
| | **अमृत क्याम्पस, लैनचौर** | ,, |
| | **पाटन संयुक्त क्याम्पस, पाटनढोका** | ,, |
| | सेन्ट जेभियर्स कलेज, माइतीघर | ,, |
| | गोल्डेनगेट इन्टरनेशनल कलेज, पुरानोवानेश्वर | ,, |
| | **पृथ्वीनारायण व. क्याम्पस, पोखरा** | ,, |
| | **वीरेन्द्र वहुमुखी क्याम्पस, चितवन** | ,, |
| | **महेन्द्र मोरङ्ग आदर्श व. क्या. विराटनगर** | ,, |
| | **सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर** | ,, |
| २ | **रसायन शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर** | **रसायन शास्त्र** |
| | **अमृत क्याम्पस, लैनचौर** | ,, |
| | **त्रिचन्द्र वहुमुखी क्याम्पस, घण्टाघर** | ,, |
| | **वीरेन्द्र वहुमुखी क्याम्पस, चितवन** | ,, |
| | **महेन्द्र मोरङ्ग आदर्श व. क्या. विराटनगर** | ,, |
| | **पृथ्वीनारायण क्याम्पस, पोखरा** | ,, |
| ३ | **माइक्रोवायोलोजी केन्द्रीय विभाग, कीर्तिपुर** | **माइक्रोवायोलोजी** |
| | **त्रिचन्द्र वहुमुखी क्याम्पस, घण्टाघर** | ,, |
| | सेन्ट जेभियर्स कलेज, माइतिघर | ,, |
| | काठमाण्डौ कलेज अफ साइन्स एण्ड टेक्नोलोजी, कालिमाटी | ,, |
| | कान्तिपुर कलेज अफ मेडिकल साइन्स, सीतापाईला | ,, |
| | गोल्डेनगेट इन्टरनेशनल कलेज, पुरानोवानेश्वर | ,, |
| | नेशनल कलेज, लैनचौर | ,, |
| | शिगन इन्टरनेशनल कलेज, महाराजगंज | ,, |
| | पोखरा विज्ञान तथा प्रविधि क्याम्पस, पोखरा | ,, |
| | सुनसरी टेक्नीकल कलेज, धरान | ,, |
| | **केन्द्रीय प्रविधि क्याम्पस, धरान** | ,, |
| ४ | **प्राणि शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर** | **प्राणि शास्त्र** |
| | **अमृत क्याम्पस, लैनचौर** | ,, |
| | **स्नातकोत्तर क्याम्पस, विराटनगर** | ,, |
| ५ | **वनस्पति शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर** | **वनस्पति शास्त्र** |
| | **अमृत क्याम्पस, लैनचौर** | ,, |
| | **स्नातकोत्तर क्याम्पस, विराटनगर** | ,, |

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

| | | |
|---|---|---|
| ६ | गणित केन्द्रीय विभाग, कीर्तिपुर | गणित |
| | अमृत क्याम्पस, लैनचौर | ,, |
| | पृथ्वीनारायण व. क्याम्पस, पोखरा | ,, |
| | रा.रा. वहुमुखी  क्याम्पस, जनकपुर | ,, |
| | स्नातकोत्तर क्याम्पस, विराटनगर | ,, |
| ७ | जैविकप्रविधि केन्द्रीय विभाग, कीर्तिपुर | जैविकप्रविधि |
| | सुनसरी टेक्नीकल कलेज, धरान | ,, |
| | नेशनल कलेज, लैनचौर | ,, |
| ८ | भूगर्भ शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | Engineering Geo. |
| | त्रिचन्द्र वहुमुखी क्याम्पस, घण्टाघर | ,, |
| ९ | वातावरण विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | वातावरण विज्ञान |
| | पाटन संयुक्त क्याम्पस, पाटनढोका | ,, |
| | गोल्डेनगेट इन्टरनेशनल कलेज, पुरानोवानेश्वर | ,, |
| | ख्वप: कलेज, भक्तपुर | ,, |
| | कलेज अफ एप्लाई साइन्स, अनामनगर | ,, |
| १० | भूगर्भ शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | भूगर्भ शास्त्र |
| ११ | तथ्यांक शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | तथ्यांक शास्त्र |
| १२ | मौसम विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | जल तथा मौसम विज्ञान |
| १३ | कम्प्यूटर विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | कम्प्यूटर विज्ञान |
| १४ | खाद्यप्रविधि केन्द्रीय विभाग, धरान | खाद्यप्रविधि |
| १५ | वनस्पति शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | BEM |
| १६ | वातावरण विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | EHD |
| १७ | गणित विज्ञान स्कूल, बल्खु | Data Science |

(क) केन्द्रीय विभाग/क्याम्पस/कलेज/स्कूलमा निर्धारित भर्ना कोटा मध्ये २०% विद्यार्थी समावेशीको आधारमा र **८०%** खुल्ला प्रतिस्पर्धाबाट भर्ना लिईने छ। समावेशी फारम भर्नाको सूचनासंगै उपलब्ध गराईनेछ।

(ग) यस सूचनामा उल्लेख हुन छुट भएका बुँदाहरु "त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम २०७४" बमोजिम हुने छ।

**प्रा.डा. विनिल अर्याल**
डीन

मिति : २०७९।०९।१६

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०६५